Nepali

International
Labour
Office

# Recommendation concerning HIV and AIDS and the World of Work, 2010 (No. 200)



ILO AIDS
www.ilo.org/aids

**एच.आइ.भी. र एड्स**

**तथा**

**कामको संसारसँग सम्बन्धित**

**सिफारिस २०१० (नं. २००)**

**प्रतिलिपि अधिकार © अन्तर्राष्ट्रिय श्रम सङ्गठन २०१०**

**प्रथम प्रकाशन २०१०**

अन्तर्राष्ट्रिय श्रम कार्यालयका प्रकाशनहरू विश्वव्यापी प्रतिलिपी अधिकारसम्बन्धी अभिसन्धिको प्रारुप २ बमोजिमको अधिकार प्रयोग गर्दछन् । तर सङ्क्षिप्त उद्धरणहरू भने स्रोत उल्लेख गर्ने सर्तमा कुनै पनि आधिकारिकता विना नै प्रयोग गर्न सकिनेछ । पुनर्प्रकाशन वा अनुवादको अधिकारका लागि अन्तर्राष्ट्रिय श्रमसङ्गठनको कार्यालय, धोबीघाट, ललितपुर, नेपालबाट अनुमति लिनुपर्नेछ । अनुमतिका लागि आउने यस्ता आवेदनहरूलाई अन्तर्राष्ट्रिय श्रम कार्यालय स्वागत गर्दछ ।

पुनर्प्रकाशनका लागि आधिकारिक संस्थाका रुपमा दर्ता भएका पुस्तकालयहरू, सङ्घसंस्थाहरू तथा अन्य प्रयोगकर्ताहरूले सोही उद्देश्यका लागि जारी गरिएको इजाजत-पत्रबमोजिम प्रतिलिपीहरू निर्माण गर्न सक्नेछन् । पुनर्प्रकाशनका लागि आधिकारिक सङ्घसंस्थाहरूबारे थाहा पाउनु परेमा वेबसाइट www.ifrro.org हेर्न सक्नुहुनेछ ।

---

**एच.आइ.भी. र एड्स तथा कामको संसारसँग सम्बन्धित सिफारिस २०१० (नं. २००)**
**अन्तर्राष्ट्रिय कार्यालय, नेपाल २०१०**

ISBN: 978-92-2-824340-5 (print); 978-92-2-824341-3 (web pdf)

एच.आइ.भी. /एड्स्/व्यवसायजन्य स्वास्थ्य/श्रमिक अधिकार/अन्तर्राष्ट्रिय श्रम सङ्गठनको

सिफारिसहरू/पूर्ण पाठ

१५.०४.२

फ्रान्सेली र स्पेनी भाषामा पनि उपलब्ध छ ।

*प्रकाशन विवरणमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सूचीकृत गरेको*

---

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका प्रकाशनहरूमा संयुक्त राष्ट्रसङ्घीय प्रचलनअनुसार प्रयुक्त ओहदाहरू र उक्त प्रकाशनमा रहेको विषयको प्रस्तुतिले अन्तर्राष्ट्रिय श्रम कार्यालयको तर्फबाट कुनै पनि मुलुक, क्षेत्र वा प्रदेशको कानुनी अवस्थासम्बन्धी वा त्यसको सीमाङ्कन सम्बन्धी कुनै पनि विचारको अभिव्यक्ति दिएको मानिदैन ।

हस्ताक्षरित रचना, अध्ययन तथा अन्य लेखहरूमा अभिव्यक्त विचारहरूका लागि केवल तिनका लेखकहरू जिम्मेवार हुन्छन्, र लेखकहरूका विचारहरूलाई प्रकाशित गरेकै आधारमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले उक्त  विचारहरूलाई अनुमोदन गरेको ठहरिँदैन ।

कम्पनी वा फर्म तथा व्यापारिक उत्पादन र प्रक्रियाको सन्दर्भका कारण उक्त विषयलाई अन्तर्राष्ट्रिय श्रम सङ्गठनले अनुमोदन गरेको भन्ने अर्थ लगाइनुहुँदैन र कुनै खास कम्पनी वा फर्म तथा व्यापारिक उत्पादन र प्रक्रियाहरूको उल्लेख नगरेकै कारण ती विषयहरूलाई अस्वीकार गरिएको भन्ने अर्थ पनि लगाइनुहुँदैन ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका प्रकाशनहरू र प्रकाशनसम्बन्धी विद्युतीय सामग्रीहरू प्रमुख पुस्तक बिक्रेताहरू तथा अन्तराष्ट्रिय श्रम सङ्गठनको नेपाल स्थित कार्यालयबाट सिधै प्राप्त गर्न सकिनेछ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अन्य प्रकाशनहरू पनि उक्त कार्यालयबाट प्राप्त गर्न सकिनेछ । अझ विस्तृत जानकारीका लागि हाम्रो वेबसाइट www.ilo.org/publns हेर्नुहोस् ।

*अन्तर्राष्ट्रिय श्रम सङ्गठनको नेपाल स्थित कार्यालयद्वारा मुद्रण गरिएको*

## प्राक्कथन

यस पुस्तिकामा एच.आइ.भी. र एड्स् तथा कामको संसारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सिफारिस २०१० (नं. २००) र सोही सिफारिसको प्रवर्धन र कार्यान्वयनका लागि सम्बद्ध सङ्कल्प प्रस्ताव रहेको छ जसले अन्तर्राष्ट्रिय श्रम सङ्गठनका त्रिपक्षीय निकायहरूको बलियो सहयोग रहेको कुरालाई प्रतिबिम्वित गर्दछ ।

एच.आइ.भी. महामारी संसारले आज सामना गरिरहेको स्वास्थ्य, विकास र आर्थिक र सामाजिक प्रगतिका लागि सबैभन्दा ठूलो चुनौति हो । ज्यादै नराम्रोसँग प्रभावित मुलुकहरूमा एच.आइ.भी. र एड्सको असरले विकासलाई शताब्दियौं पछाडि धकेलेको छ, अर्थतन्त्रलाई कमजोर पारेको छ र समाजलाई अस्थिर बनाएको छ। धेरै मुलुकहरू र बहुसङ्ख्यक जनसमुदायहरूमा निरन्तर रुपमा मृत्यु र रोगको अधिकांश कारण एच.आइ.भी. नै रहेको अनुमान छ।

एच.आइ.भी. मर्यादित काम र दिगो विकासको मुख्य बाधाका रुपमा देखा परेको छ । यसले लाखौं मानिसहरूलाई एच.आइ.भी. र एड्सबाट सङ्क्रमित वा प्रभावित भएर बाँच्न बाध्य पारेको छ । यसको असर सबैभन्दा बढी उत्पादनशील समूहमा केन्द्रित भएको छ र यसले उद्योगधन्दाहरूमा उत्पादकत्व ह्रास, श्रम खर्चमा वृद्धि तथा सीप तथा अनुभवको ह्रासजस्ता चुनौतिहरू थोपरेको छ। यसका अतिरिक्त, खास गरी, एच.आइ.भी. र एड्सद्वारा सङ्क्रमित वा प्रभावित श्रमिकहरूमाथि लक्षित भेदभाव तथा लान्छनामार्फत् कामका मौलिक अधिकारहरू वास्तविक वा अनुमानित एच.आइ.भी. अवस्थाका आधारमा उल्लङ्घन हुने गरेका छन् । यो महामारीले विशेष गरी समाजको पिछडिएको र सिमान्तकृत समूहमाथि प्रभाव पार्ने भएकाले अवस्था झन् गम्भीर बन्न गएको छ ।

कामको संसारले एच.आइ.भी. र एड्सलाई सम्बोधन गर्नमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। यसले महिला र पुरुष श्रमिकहरूले जीवनको अधिकांश समय व्यतित गर्ने स्थान– कार्यस्थलमा उनीहरूसमक्ष पुग्ने प्रवेश विन्दुका रुपमा काम गरेको हुन्छ । एच.आइ.भी.र एड्ससम्बन्धी कार्यस्थल नीति तथा कार्यक्रमहरूको निर्माण र कार्यान्वयनले श्रमिक, श्रमिकका परिवार तथा आश्रितका लागि रोकथाम, उपचार, हेरचाह तथा सहयोग आदि सेवाको पहुँचमा सहजीकरण गर्ने हुँदा यस्ता कार्यक्रमहरूमा वृहद् समुदायसमेत समेटिन सक्छ । तैपनि यस महामारीलाई सम्बोधन गर्ने क्रममा कामको संसारको महत्वपूर्ण भूमिकालाई अधिकरुपमा प्रयोग गरिएको छैन । यदि यस महामारीलाई सम्बोधन गर्नमा कामको संसारलाई पूर्णरुपमा प्रयोग गर्ने हो भने यसलाई एच.आइ.भी. र एड्स सम्बन्धी राष्ट्रिय नीति, कार्यक्रम तथा रणनीतिको एउटा अभिन्न अङ्ग बनाउनु जरुरी छ ।

सन् २००१ मा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले एच.आइ.भी. र एड्स तथा कामको संसारसम्बन्धी आचारसंहिता पारित गऱ्यो, जुन धेरै मुलुकहरूमा व्यापकरुपमा स्वीकार र प्रयोग गरिएको छ । सन् २००७ मा यस सङ्गठनका निकायहरूले अन्तर्राष्ट्रिय श्रम मापदण्डको निर्माण तथा अनुमोदनमार्फत् एच.आइ.भी. र एड्सप्रति कामको संसारले एउटा छुट्टै तहमा सम्बोधन गर्नुपर्ने बेला आइसकेको छ भन्ने निधो गरे । त्यसैको परिणामस्वरुप आएको सिफारिस नं. २०० मा एच.आइ.भी. सङ्क्रमित

मानिसहरूको सङ्गठन र अन्तर्राष्ट्रिय साझेदार सङ्गठनहरू, खास गरी एड्ससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संयुक्त कार्यक्रम (UNAIDS) सँगको सहकार्यमा रोकथाम, उपचार, हेरचाह र सहयोगमा विश्वव्यापी पहुँच सुनिश्चित गर्नमा कामको संसारको वृहत् योगदानको लेखाजोखा गर्न अन्तराष्ट्रिय श्रम सङ्गठनका सदस्य राष्ट्रहरू र रोजगारदाता र श्रमिकका प्रतिनिधिहरूको स्पष्ट प्रतिबद्धता रहेको छ।

यस सिफारिसले कार्यस्थल नियन्त्रण प्रयासलाई मजबुत पार्नुपर्ने र एच.आइ.भी.र एड्सबाट सङ्क्रमित र प्रभावित भएका व्यक्तिहरूका लागि उपचारको पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई प्रतिविम्बित गर्दछ । यसले एच.आइ.भी.र एड्ससम्बन्धी राष्ट्रिय त्रिपक्षीय कार्यस्थल नीति तथा कार्यक्रमहरूलाई एच.आइ.भी.र एड्स तथा विकास र सामाजिक संरक्षणसम्बन्धी समग्र राष्ट्रिय नीति र रणनीतिमा एकीकृत गर्नका लागि आह्वान गर्दछ। यसले स्वैच्छिक गोपनीय एच.आइ.भी. परामर्श तथा परीक्षण यथाशिघ्र गर्न सबैलाई प्रोत्साहित गर्दै, लैङ्गिक समानताको सिद्धान्त र एच.आइ.भी. अवस्थाको अनिवार्य परीक्षण गर्न तथा प्रकाशमा ल्याउन बाध्य नहुने श्रमिकको अधिकारलगायत सबै श्रमिकका आधारभूत मानवअधिकारहरूको सम्मान गर्न आह्वान गर्दछ। यस सिफारिसले सदस्य राष्ट्रहरूलाई आवश्यक भएमा यसका प्रावधानहरूलाई परिमार्जन गरी वा राष्ट्रिय कानुनको व्यवस्था गरी कार्यान्वयनमा ल्याउन अनुरोध गर्दछ।

श्रमिकहरू वास्तविक वा अनुमानित एच.आइ.भी. अवस्थाका आधारमा लगाइने लान्छना र गरिने विभेदबाट मुक्त भएमा ती श्रमिकहरू तथा तिनीहरूमाथि आश्रितहरू राष्ट्रिय तथा कार्यस्थल तहमा एच.आइ.भी. सम्बन्धी शिक्षा, सूचना, उपचार, हेरचाह तथा सहयोगको विकसित पहुँचबाट लाभान्वित हुन्छन्। यस्तो पहुँचले उनीहरूलाई दीर्घ र उत्पादनशील जीवन बाँच्न र राष्ट्रिय अर्थतन्त्र र समुदायमा योगदान पुऱ्याउन मद्दत गर्दछ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन, यो सिफारिस र यसको सहयोगी सङ्कल्पप्रस्तावमा आधारित रहेर, श्रमिकहरू र एच.आइ.भी. र एड्सबाट सङ्क्रमित तथा प्रभावित सबै व्यक्तिहरूको अधिकार र आत्मसम्मानको संरक्षण गर्ने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने कार्यलाई सशक्त बनाउन प्रतिबद्ध छ।

जेनेभा, जुन २०१०

जुवान सोमाभिया
महानिर्देशक

**अन्तर्राष्ट्रिय श्रम महासम्मेलन**

<u>सिफारिस नं. २००</u>

**एच.आइ.भी./एड्स तथा कामको संसारसँग सम्बन्धित सिफारिस**

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासम्मेलन,

सन् २०१० जुन २ मा अन्तर्राष्ट्रिय श्रम कार्यालयको सञ्चालक समितिले आह्वान गरी जेनेभामा यसको ९९ औं सत्र सम्पन्न गर्दै, र

एच.आइ.भी. तथा एड्सले समाज र अर्थतन्त्रमा, कामका औपचारिक तथा अनौपचारिक दुवै क्षेत्रमा, श्रमिकहरु, तिनका परिवार र आश्रितमा, रोजगारदाता तथा श्रमिकका सङ्गठनमा र सार्वजनिक तथा निजी सङ्घसंस्थाहरुमा गम्भिर असर पार्ने तथा मर्यादित काम र दिगो विकास प्राप्तिमा नकारात्मक असर पुऱ्याउने कुरामाथि ध्यान दिँदै, र

कामको संसारमा एच.आइ.भी. र एड्सलाई सम्बोधन गर्ने आई.एल.ओ.को भूमिकाको महत्व र यसका सबै कार्यक्षेत्र र अधिकारक्षेत्रमा एच.आइ.भी. र एड्सका सन्दर्भमा सामाजिक न्याय प्राप्ति गर्ने र भेदभाव र लान्छना विरुद्ध लड्ने आई.एल.ओ.का प्रयासहरुलाई अझ मजबुत बनाउनुपर्ने पुनर्पुष्टि गर्दै, र

एच.आइ.भी. र एड्सका विरुद्ध कामको संसारलाई अझ राम्रोसँग परिचालन गर्न मर्यादित काम र दिगो विकास मार्फत् अनौपचारिक अर्थतन्त्रको न्यूनीकरण गर्दै लैजानुपर्ने कुराको स्मरण गर्दै, र

उच्च तहको सामाजिक र आर्थिक असमानता, सूचना तथा चेतनाको कमी, विश्वसनीयताको कमी तथा उपचारमा अपर्याप्त पहुँच र संलग्नताका कारण एच.आइ.भी. सङ्क्रमणको जोखिम, मृत्युदर, एक वा दुवै अभिभावक गुमाउने बालबालिकाहरुको सङ्ख्या बढ्ने र अनौपचारिक श्रममा संलग्न श्रमिकको सङ्ख्या उच्च हुन सक्ने जोखिमपूर्ण स्थितिमाथि ध्यान दिँदै, र

गरिबी, सामाजिक र आर्थिक असमानता र बेरोजगारीका कारण रोकथाम, उपचार, हेरचाह र सरसहयोगको पहुँचको कमी हुने र यसले सङ्क्रमणको जोखिमलाई अझ वृद्धि गर्ने सम्भावनामाथि ध्यान दिँदै, र

एच.आइ.भी. र एड्सका कारण प्रभावित व्यक्तिले खप्नु परेको लान्छना, भेदभाव, रोजगारी गुम्ने भय आदिले व्यक्तिको एच.आइ.भी.को अवस्थाबारे थाहा पाउन अवरोध सिर्जना गर्ने र यसले एच.आइ.भी.को जोखिमलाई अझ वृद्धि गर्ने तथा सामाजिक सुविधाहरु प्राप्त गर्ने उनीहरुको अधिकारलाई समेत नकारात्मक प्रभाव पार्ने अवस्थालाई ध्यान दिँदै, र

कमजोर र जोखिममा रहेको समूहमाथि एच.आइ.भी. र एड्सको प्रभाव अझ गम्भिर हुने तथ्यमाथि ध्यान दिँदै, र

एच.आइ.भी.ले महिला तथा पुरुष दुवैलाई प्रभावित तुल्याउने भए तापनि लैङ्गिक असमानताको परिणामस्वरुप पुरुषको तुलनामा महिला र बालिकाहरु एच.आइ.भी. सङ्क्रमणको अझ बढी जोखिममा रहने र एच.आइ.भी महामारीबाट असमान रुपमा प्रभावित हुने हुनाले एच.आइ.भी. र एड्सको विश्वव्यापी सम्बोधनमा महिला सशक्तीकरणलाई मुख्य विषयको रुपमा लिन अति आवश्यक भएको विषयमा ध्यान दिँदै, र

श्रमिकहरुलाई वृहत् व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको कार्यक्रममार्फत् संरक्षित गर्नुपर्ने महत्वको स्मरण गर्दै, र

एच.आइ.भी./एड्स तथा कामको संसार सम्बन्धी आई.एल.ओ. आचारसंहिता *एच.आइ.भी./एड्स र कामको संसार सम्बन्धी आई.एल.ओ.को आचारसंहिता २००१* को महत्व र यसको कार्यान्वयनमा सिमितता र कमी रहेको हुँदा यसको प्रभावलाई मजबूत पार्न आवश्यक भएको कुरालाई स्मरण गर्दै, र

अन्तर्राष्ट्रिय श्रम अभिसन्धि र सिफारिसहरु र सबभन्दा उच्चमापदण्डको स्वास्थ्य र मर्यादित जीवन प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने प्रावधानहरुलाई मान्यता दिने लगायत एच.आइ.भी. र एड्स तथा कामको संसारसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय प्रावधानहरुको प्रवर्धन र कार्यान्वयनको आवश्यकतामाथि ध्यान दिँदै, र

कामको संसारमा एच.आइ.भी. र एड्सका विरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयासहरुलाई प्रवर्धन गर्न रोजगारदाता र श्रमिकका सङ्गठनको विशिष्ट भूमिका रहने कुराको स्मरण गर्दै, र

एच.आइ.भी. र एड्सलाई राष्ट्रियरुपमा सम्बोधन गर्न रोकथाम, उपचार, हेरचाह र सहयोगबारे जानकारी र पहुँचका सन्दर्भमा कार्यस्थलको महत्वपूर्ण भूमिका रहने कुराको ख्याल गर्दै, र

खास गरी संयुक्त राष्ट्रसङ्घीय संयुक्त एच.आइ.भी./एड्स कार्यक्रमका सन्दर्भमा यस सिफारिसलाई अझ प्रभावकारी बनाउन सहयोग गर्न अन्तर्राष्ट्रिय सहयोगको निरन्तरता र प्रवर्धन गर्नुपर्ने आवश्यकतालाई महसुस गर्दै, र

खास गरी एच.आइ.भी. भएका व्यक्तिहरुको प्रतिनिधित्व गर्ने सङ्गठन तथा स्वास्थ्य क्षेत्र र सम्बन्धित संगठनहरु लगायत राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहका एच.आइ.भी. र एड्सबारे काम गरीरहेका संरचनाहरुको सहकार्यको महत्वलाई स्मरण गर्दै, र

सबै तहमा सरकार तथा रोजगारदाता र श्रमिकका सङ्गठनहरुको भूमिका र जिम्मेवारी तोक्नका लागि मार्गदर्शन गर्न अन्तराष्ट्रिय मापदण्ड तय गर्नुपर्ने आवश्यकतामाथि जोड दिँदै, र

एच.आइ.भी. र एड्स तथा कामको संसारका सन्दर्भमा निश्चित प्रस्तावहरु पारित गर्नुपर्ने विषयमा निर्णय लिँदै, र

यी प्रस्तावहरुले सिफारिसको रुप लिनेछन् भन्ने निर्धारणका साथ,

सन् दुई हजार दश साल जुन महिनाको सत्रौं तारिखका दिन देहायको सिफारिस पारित गर्दछ, जसलाई **एच.आइ.भी. र एड्स सम्बन्धी सिफारिस २०१०** भन्न सकिनेछ ।

## I. परिभाषा

१. यस सिफारिसको उद्देश्य परिपूर्तिका लागिः

(क) "एच.आइ.भी." शब्दले ह्युमन इम्युनोडिफिसेन्सी भाइरस अर्थात् मानिसको रोग विरुद्ध लड्ने शक्ति नष्ट गर्ने भाइरस भन्ने जनाउँछ ।

(ख) "एड्स" भन्ने शब्दले अक्वायर्ड इम्युनोडिफिसेन्सी सिन्ड्रोम अर्थात् एच.आइ.भी. सङ्क्रमणको विकसित रुप भन्ने जनाउँछ र यस्तो अवस्थामा अवसरवादी सङ्क्रमणहरुका साथै एच.आइ.भी. सम्बन्धी क्यान्सरको समेत सङ्क्रमण हुन सक्छ ।

(ग) "एच.आइ.भी. भएको व्यक्ति" (एच.आइ.भी.सँगै बाँचेको व्यक्ति) भन्नाले एच.आइ.भी. सङ्क्रमित व्यक्ति भन्ने बुझ्नुपर्दछ ।

(घ) "लान्छना" भन्ने शब्दले सामाजिक कलङ्क भन्ने जनाउँछ र जब व्यक्तिलाई लान्छना लगाइन्छ, त्यो व्यक्तिलाई समाजमा सिमान्तकृत गरिन्छ, जसका कारण एच.आइ.भी.बाट सङ्क्रमित वा प्रभावित व्यक्ति पूर्ण सामाजिक जीवन उपभोग गर्नबाट बन्चित हुन्छ ।

(ङ) "विभेद" भन्नाले भेदभाव (रोजगारी र पेसा) सम्बन्धी अभिसन्धि १९५८ र सिफारिस १९५८ मा उल्लेख भए बमोजिम कुनै पनि भेद, निषेध वा अभिरुची भन्ने बुझ्नुपर्दछ, जसका कारण व्यक्ति समान अवसरबाट वा कुनै पनि पेसा वा रोजगारीका क्रममा समान व्यवहार प्राप्त गर्न निष्फल वा असक्षम हुन्छ ।

(च) "प्रभावित व्यक्तिहरु" भन्नाले त्यस्ता व्यक्तिहरु भन्ने बुझिन्छ, जसको जीवन एच.आइ.भी. वा एड्सको महामारीका विस्तारीत प्रभावका कारण परिवर्तित भएको हुन्छ ।

(छ) "उचित व्यवस्थापन" भन्नाले कार्यस्थलमा व्यवहारिक हुने गरी कामको परिवर्तन वा समायोजन भन्ने बुझ्नुपर्दछ जसले एच.आइ.भी. वा एड्स भएका व्यक्तिलाई रोजगारीमा पहुँच, सहभागिता र वृत्तिविकासका लागि सक्षम बनाउँछ ।

(ज) कमजोरी" भन्नाले सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक अवस्थाका कारण अवसरमा असमानता, सामाजिक बहिस्कार, बेरोजगारी वा बिपत्तिजनक रोजगारी भन्ने बुझ्नुपर्दछ जसले एच.आइ.भी. सङक्रमण हुने तथा एड्स अवस्थाको विकास हुन सक्ने अवस्थालाई झन् वृद्धि गराउँछ ।

(झ) "कार्यस्थल" भन्नाले श्रमिकले आफ्ना गतिविधिहरु सञ्चालन गर्ने कुनै पनि ठाउँ भन्ने बुझिन्छ ।

(ञ) "श्रमिक" भन्नाले कुनै पनि अवस्था वा प्रवन्ध अर्न्तगत काम गर्ने कुनै पनि व्यक्ति भन्ने बुझ्नुपर्दछ ।

## II. क्षेत्र

२. यस सिफारिसले देहायका बुँदाहरुलाई समेट्छः

(क) सबै खाले अवस्था वा प्रवन्ध अर्न्तगत काम गर्ने र सबै खाले कार्यस्थलमा काम गर्ने सबै खाले श्रमिकहरु, साथैः

(अ) कुनै पनि रोजगारी वा पेसामा संलग्न व्यक्तिहरु

(आ) तालिम, शिक्षार्थी वा सेवाअवधिको प्रारम्भिक कालमा रहेका व्यक्तिहरु

(इ) स्वयंसेवकहरु

(ई) रोजगारीको खोजीमा रहेका र रोजगारीका लागि आवेदन दिएका व्यक्तिहरु

(उ) जगेडामा राखिएका र निलम्बनमा परेका व्यक्तिहरु

(ख) निजी तथा सार्वजनिक क्षेत्र र औपचारिक तथा अनौपचारिक अर्थतन्त्र लगायत आर्थिक गतिविधिका सबै क्षेत्रहरु

(ग) सशस्त्र बल तथा बर्दीधारी सेवा

## III. सामान्य सिद्धान्त

३. देहायका सिद्धान्तहरु कामको संसारमा एच.आइ.भी. र एड्सका विरुद्ध राष्ट्रिय रुपमा गरिने सम्बोधन अन्तर्गतका सबै कार्यक्रमहरुमा लागु हुनुपर्दछः

(क) एच.आइ.भी. र एड्स सम्बन्धी कार्यक्रम श्रमिकहरु, उनीहरुका परिवार र आश्रित सदस्यहरु लगायत सबैका लागि मानवअधिकार, मौलिक स्वतन्त्रता र लैङ्गिक समानताको प्रत्याभूत गराउन सहयोग पुग्ने विषयवस्तुको रुपमा स्वीकारीनु पर्दछ।

(ख) एच.आइ.भी. र एड्सलाई कार्यस्थलको मुद्दाको रुपमा मान्यता दिइनुपर्दछ र यसलाई रोजगारदाता र श्रमिकका सङ्गठनहरुको पूर्ण सहभागितामा महामारीका विरुद्ध गरिने राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बोधनको महत्वपूर्ण अङ्गका रुपमा समावेश गरिनुपर्दछ ।

(ग) श्रमिकहरु, खास गरी रोजगारीको खोजीमा रहेका र रोजगारीका लागि आवेदन दिएकाहरुलाई वास्तविक वा सम्भावित एच.आइ.भी.का कारण वा उनीहरु एच.आइ.भी. सङ्क्रमणको जोखिमपूर्ण मानिएको क्षेत्र वा एच्.आई.भी सङ्क्रमणका लागि उच्च जोखिममा रहेको वा एच्.आई.भी.

सङ्क्रमणप्रति कमजोर ठानिएको जनसङ्ख्या रहेको क्षेत्रमा रहेका कारण कुनै पनि भेदभाव गरिनु वा लान्छना लागाइनुहुँदैन ।

(घ) एच.आइ.भी. रोकथामका सबै माध्यमहरुलाई प्रमुख प्राथमिकतामा राख्नुपर्दछ ।

(ङ) श्रमिकहरु, तिनका परिवार र आश्रित सदस्यहरुले एच.आइ.भी. र एड्सका सन्दर्भमा रोकथाम, उपचार, स्याहारसुसार र सहयोगजस्ता सुविधाका लागि पहुँच प्राप्त गर्नुपर्दछ र यस्तो सेवामा पहुँच प्रदान गर्न कार्यस्थलले सहजिकरणको भूमिका खेल्नुपर्दछ ।

(च) राष्ट्रिय र कार्यस्थलका कार्यक्रमहरुको निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा श्रमिक सहभागिता र संलग्नतालाई मान्यता दिइनुपर्दछ र प्रवर्धन गरिनुपर्दछ ।

(छ) एच.आइ.भी.संग सम्बन्धीत क्षयरोग जस्ता अन्य सरुवा रोगहरुको पेसागत सङ्क्रमणको जोखिम नियन्त्रण गर्ने कार्यक्रमहरुबाट श्रमिकहरु लाभान्वित हुनुपर्दछ ।

(ज) श्रमिकहरु, तिनका परिवार र आश्रित सदस्यहरुले खास गरी उनीहरुको आफ्नै एच.आइ.भी. अवस्था लगायत एच.आइ.भी. र एड्सका सन्दर्भमा उनीहरुको विश्वसनीयता लगायत गोपनीयताको अधिकारको पूर्ण उपयोग गर्न पाउनुपर्दछ ।

(झ) कुनै पनि श्रमिकलाई एच.आइ.भी. परीक्षण गर्न वा आफ्नो एच.आइ.भी. अवस्था सार्वजनिक गराउन बाध्य पारिनु हुँदैन ।

(ञ) कामको संसारमा एच.आइ.भी. र एड्सको सम्बोधन गर्ने कार्यक्रमहरु श्रम, शिक्षा, सामाजिक संरक्षण र स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम लगायत राष्ट्रिय विकास नीति तथा कार्यक्रमको अङ्गका रुपमा रहनुपर्दछ ।

(ट) खास गरी एच.आइ.भी. सङ्क्रमणको जोखिममा रहेको पेसामा संलग्न श्रमिकहरुको संरक्षण गरिनुपर्दछ ।

## IV. राष्ट्रिय नीति तथा कार्यक्रम

४. सदस्य राष्ट्रले:

(क) जहाँ एच.आइ.भी. र एड्स तथा कामको संसार र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमहरु छैनन्, त्यहाँ निर्माण गर्नुपर्दछ ।

(ख) एच.आइ.भी. र एड्स तथा कामको संसार सम्बन्धी नीति र कार्यक्रमहरुलाई आवश्यकता अनुसार मर्यादित काम, दिगो किसिमका उद्योगप्रतिष्ठानहरु तथा आय आर्जन सम्बन्धी रणनीतिहरु लगायत विकास योजना तथा गरिबी न्यूनीकरण रणनीतिसँग समावेश गर्नुपर्दछ ।

५. राष्ट्रिय नीति तथा कार्यक्रम निर्माण गर्दा अधिकारप्राप्त सक्षम निकायले सन् २००१ को एच.आइ.भी./एड्स सम्बन्धी आई.एल्.ओ. आचारसंहिता र यसका संशोधनहरु, अन्य सम्बन्धीत आई.एल्.ओ. प्रावधानहरु तथा अन्य अन्तर्राष्ट्रिय निर्देशिकाहरु समेतलाई ध्यानमा राख्नुपर्दछ।

६. राष्ट्रिय नीति तथा कार्यक्रमहरु निर्माण गर्दा रोजगारदाता र श्रमिकहरुको सबैभन्दा धेरै प्रतिनिधित्व गर्ने संस्थाहरु साथै एच.आइ.भी. भएका व्यक्तिहरुलाई प्रतिनिधित्व गर्ने संस्थासँगको परामर्शमा सम्बन्धित क्षेत्र, खास गरी स्वास्थ्य क्षेत्रको दृष्टिकोणलाई मध्यनजर गर्दै, अधिकारप्राप्त सक्षम निकायद्वारा निर्माण गरिनुपर्दछ।

७. राष्ट्रिय नीति तथा कार्यक्रमहरु निर्माण गर्दा अधिकारप्राप्त सक्षम निकायले स्थानीय समुदायसँग सहकार्य गर्दै स्वैच्छिक परामर्श र परीक्षणको प्रवर्धन लगायत रोकथाम, उपचार, हेरचाह र सहयोगका लागि कार्यस्थलको भूमिकालाई मध्यनजर राख्नुपर्दछ।

८. सदस्य राष्ट्रले एच.आइ.भी. र एड्स तथा कामको संसार सम्बन्धी नीति तथा कार्यक्रमबारे सूचना सम्प्रेषण गर्न रोजगारदाता र श्रमिकका सङ्गठनहरु, एच.आइ.भी. र एड्स सम्बन्धी अन्य निकायहरु र सार्वजनिक सूचना दिने सङ्घसंस्थाहरु मार्फत् हरेक अवसरहरुको उपयोग गर्नुपर्दछ।

### *भेदभाव तथा समानता प्रवर्धन गर्ने अवसर र उपचार*

९. रोजगारदाता र श्रमिकका सबभन्दा बढी प्रतिनिधित्व भएको संस्थाहरुको परामर्शमा सरकारले वास्तविक तथा अनुमानित एच.आइ.भी.को अवस्थामा आधारित भेदभावको रोकथाम गर्न भेदभाव ( रोजगारी र पेसा) सम्बन्धी अभिसन्धि १९५८ ले व्यवस्था गरेअनुसारको संरक्षण प्रदान गर्ने विषयमा ध्यान पुऱ्याउनुपर्दछ।

१०. वास्तविक तथा अनुमानित एच.आइ.भी.को स्थिति कुनै पनि हालतमा भेदभावको आधार बन्नुहुँदैन, जसको कारणले भर्ना, रोजगारीको निरन्तरता वा भेदभाव (रोजगारी र पेसा) सम्बन्धी अभिसन्धि १९५८ ले प्रदान गरेको समान अवसरको अधिकारबाट बन्चित गराउन सक्छ।

११. वास्तविक वा अनुमानित एच.आइ.भी.को स्थिति रोजगारी अन्त्यको कारण बन्नुहुँदैन । रोजगारी अन्त्य सम्बन्धी अभिसन्धि १९८२ लाई ध्यानमा राख्दै एच.आइ.भी. वा एड्स रोगका कारण वा रोगीको स्याहारसुसार गर्नुपरेको कारण काममा उपस्थित हुन नसकेको समयलाई स्वास्थ्य सम्बन्धी अन्य कारणबाट भएको अनुपस्थिति सरह मानिनुपर्दछ।

१२. कार्यस्थलमा एच.आइ.भी. र एड्सका सन्दर्भमा हुने भेदभावका विरुद्ध प्रभावकारी संरक्षण गर्ने प्रावधानहरु पर्याप्त नभएमा सदस्य राष्ट्रले यी प्रावधानहरुको अवलम्बन गर्नुपर्दछ वा नयाँ प्रावधानहरु निर्माण गर्नुपर्दछ र प्रभावकारी र पारदर्शी कार्यान्वयनको व्यवस्था गर्नुपर्दछ।

१३. एच.आइ.भी.सँग सम्बन्धित रोगबाट सङ्क्रमित व्यक्तिहरुलाई स्वास्थ्यका दृष्टिकोणले उनीहरु आफ्नो काम गर्न सक्षम रहुन्जेलसम्म आवश्यक परेमा उचित बन्दोबस्त सहित उनीहरुको रोजगारी

निरन्तर राख्न सक्ने सम्भावनाबाट बन्चित गर्नुहुँदैन । आई.एल्.ओ. तथा संयुक्त राष्ट्र सङ्घका सम्बद्ध प्रावधानहरुमाथि ध्यान दिँदै यस्ता व्यक्तिहरुलाई उनीहरुको क्षमताअनुसारको काममा पुनः लगाउनका लागि तालिमको सहायताले अर्को रोजगारी प्राप्त गर्न वा उनीहरुलाई काममा फर्काउन प्रोत्साहन दिइनुपर्दछ ।

१४. कार्यस्थलमा वा कार्यस्थलको माध्यमबाट एच.आइ.भी. सङ्क्रमण न्यूनीकरण गर्न र यसको असर कम गर्न देहायका कदमहरु चाल्नुपर्दछः

(क) मानवअधिकार र मौलिक स्वतन्त्रताको सम्मान सुनिश्चित गर्ने

(ख) लैङ्गिक समानता र महिला सशक्तीकरण सुनिश्चित गर्ने

(ग) कार्यस्थलमा हिंसा र दुरुत्साहन (harassment) नियन्त्रण र प्रतिबन्धित गर्न कदम चाल्न सुनिश्चित गर्ने

(घ) एच.आइ.भी. र एड्सका सम्बोधनमा (response) महिला तथा पुरुषको सक्रिय सहभागिताको प्रवर्धन गर्ने

(ङ) श्रमिकको लैङ्गिक झुकाव (orientation) तथा जोखिमताको स्थिति जस्तोसुकै भए तापनि सबैखाले श्रमिकको संलग्नता र सशक्तीकरण वृद्धि गर्ने

(च) महिला र पुरुषको यौन स्वास्थ्य र प्रजनन स्वास्थ्य तथा यौन अधिकार र प्रजनन अधिकारको संरक्षण गर्ने

(छ) व्यक्तिगत विवरण र चिकित्सकीय अभिलेखको प्रभावकारी विश्वसनीयताको सुनिश्चितता गर्ने ।

### *रोकथाम*

१५. मुलुकको अवस्था र कार्यस्थलको प्रकारसँग मिल्ने गरी नियन्त्रण रणनीति अवलम्बन गर्नुपर्दछ र लैङ्गिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक विषयहरुमाथि ध्यान दिनुपर्दछ ।

१६. रोकथाम सम्बन्धी कार्यक्रमहरुलेः

(क) सांस्कृतिक रुपमा संवेदनशील ढाँचा र भाषामा, सबैका लागि उपलब्ध र पहुँचयोग्य भएको विविध खाले सञ्चारमाध्यम मार्फत्, दुरुस्त, अद्यावधिक, समसामयिक र उपयुक्त सूचनाको उपलब्धता सुनिश्चित गर्नुपर्दछ ।

(ख) महिला तथा पुरुषलाई बुझ्ने र जोखिम न्यूनीकारण गर्न सहयोग गर्ने खालको आमाबाट बच्चामा सर्ने लगायत एच.आइ.भी. सङ्क्रमणका सबै खाले माध्यमहरुको राम्रा जानकारी दिने खालका वृहत् शैक्षिक कार्यक्रमहरु सुनिश्चित गर्नुपर्दछ।

(ग) व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रभावकारी उपायहरुको सुनिश्चितता गर्नुपर्दछ।

(घ) स्वैच्छिक परामर्श तथा परीक्षण मार्फत् श्रमिकहरुलाई आफ्नो एच.आइ.भी. अवस्थाबारे थाहा पाउन प्रोत्साहन दिने व्यवस्थाको सुनिश्चितता गर्नुपर्दछ।

(ङ) सङ्क्रमण रोक्ने सबै उपायहरु,  खास गरी तर यो संग सिमित नराखेर पुरुष र महिला कण्डम लगायतका आवश्यक साधनहरुको आपूर्ति तथा post exposure prophylaxis  सम्मको पहुँच, र जहाँ उपयुक्त छ त्यहाँ कण्डमको सही प्रयोगबारे जानकारीको सुनिश्चितता गर्नुपर्दछ।

(च) एच.आइ.भी. सङ्क्रमणका घटनाहरु न्यूनीकरण गर्ने उद्देश्यले सबैभन्दा बढी जोखिममा रहेको समूहहरु लगायत सबै जोखिमपूर्ण व्यवहार न्यूनीकरण गर्ने प्रभावकारी कदमहरुको सुनिश्चितता गर्नुपर्दछ।

(छ) विश्व स्वास्थ्य सङ्गठन, एच.आइ.भी./एड्स सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय कार्यक्रम तथा लागु औषध तथा अपराध सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय कार्यालयद्वारा प्रकाशित निर्देशिका तथा अन्य सम्बद्ध निर्देशिकामा आधारित क्षति न्यूनीकरण (harm reduction) रणनीतिको  सुनिश्चितता गर्नुपर्दछ।

### *उपचार र हेरचाह*

१७. सदस्य राष्ट्रले कार्यस्थलका स्वास्थ्य सम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रमहरु रोजगारदाता, श्रमिक र उनीहरुका प्रतिनिधिहरुद्वारा निर्धारित गरिएको र सार्वजनिक स्वास्थ्य सेवासँग सम्बद्ध भएको कुराको सुनिश्चितता गर्नुपर्दछ। सदस्य राष्ट्रले एच.आइ.भी. र एड्स नियन्त्रण तथा तिनीहरुको असरको व्यवस्थापन गर्न सबैभन्दा उपयुक्त र प्रभावकारी तरिकाहरु सम्भव भएसम्म धेरै उपलब्ध गराउनुपर्दछ।

१८. सदस्य राष्ट्रले एच.आइ.भी. सङ्क्रमित श्रमिकहरु र उनीहरुमाथि आश्रित सदस्यहरुले पाउनुपर्ने स्वास्थ्य सेवा, सार्वजनिक स्वास्थ्य सेवा, सामाजिक सुरक्षा प्रणाली वा निजी बिमा प्रणाली वा अन्य जस्तोसुकै योजना मार्फत् पाउने भए पनि, उनीहरु उक्त स्वास्थ्य सेवाको  पूर्ण पहुँचमा रहने कुराको सुनिश्चितता गर्नुपर्दछ। सदस्य राष्ट्रहरुले स्वास्थ्य सेवाको पहुँचमा सहजीकरण गर्न श्रमिकको शिक्षा र चेतना अभिवृद्धिको सुनिश्चितता गर्नुपर्दछ।

१९. एच.आइ.भी. भएका व्यक्तिहरु, उनीहरुका परिवार र आश्रित सदस्यहरु लगायत यस सिफारिसले समेट्ने सबै व्यक्तिहरुको स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार हुनुपर्दछ। यस्ता सेवाहरुले देहाय बमोजिमका निःशुल्क वा कम खर्चिला सेवाको पहुँचलाई समेट्नुपर्दछः

(क) स्वैच्छिक परामर्श तथा परीक्षण

(ख) एड्सको उपचार (antiretroviral treatment), उपचार निरन्तरताको शिक्षा, सूचना तथा सहयोग

(ग) उपचारको क्रममा आवश्यक पर्ने उचित पोषण

(घ) अवसरवादी सङ्क्रमणहरु तथा यौनजन्य सङ्क्रमणहरु र एच.आइ.भी.सँग सम्बद्ध अन्य रोगहरु, खास गरी क्षयरोगको उपचार, र

(ङ) एच.आइ.भी. भएका व्यक्तिहरुका लागि मनोसामाजिक सहायता लगायत सहयोग तथा रोकथाम कार्यक्रम

२०. श्रमिक तथा श्रमिकमा आश्रित सदस्यमाथि वास्तविक वा अनुमानित एच.आइ.भी. सङ्क्रमणका आधारमा स्वास्थ्योपचार तथा अपाङ्गता लगायतका सामाजिक सुरक्षा प्रणाली र व्यवसायजन्य बिमा योजना वा यस्ता योजना अन्तर्गत हुने कुनै पनि लाभ तथा मृत्युका कारण आफन्तलाई प्रदान गरिने सुविधाका सन्दर्भमा कुनै पनि विभेदपूर्ण स्थिति रहनुहुँदैन ।

***सहायता***

२१. हेरचाह र सहायताको कार्यक्रममा मुलुकको अवस्थालाई ध्यानमा राख्दै एच.आइ.भी. वा एच.आइ.भी.सँग सम्बन्धित रोग लागेका व्यक्तिहरुका लागि कार्यस्थलमा उचित कामको बन्दोबस्तको व्यवस्था समावेश हुनुपर्दछ । बेलाबेलामा विभिन्न रोगहरु निम्त्याउने एच.आइ.भी. र एड्सको प्रकृति र उपचारका क्रममा देखा पर्न सक्ने सम्भावित नकारात्मक असरलाई ध्यानमा राख्दै कामको उचित चाँजो मिलाउनुपर्दछ ।

२२. सदस्य राष्ट्रले एच.आइ.भी. भएका व्यक्तिहरुलाई काममा थमौती गर्ने र भर्ना गर्ने कार्यलाई प्रवर्धन गर्नुपर्दछ । सदस्य राष्ट्रले आवश्यकता अनुसार एच.आइ.भी. भएका र एच.आइ.भी. र एड्सले प्रभावित व्यक्तिहरु रोजगार वा बेरोजगार जेसुकै भए पनि आवश्यकता अनुसार आयआर्जनका अवसरहरु सहितको सहायता वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२३. पेसा र सङ्क्रमणको जोखिम बीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्न सकिने अवस्था भए एड्स र एच.आइ.भी. सङ्क्रमणलाई मुलुकको सो सम्बन्धी कार्यविधि तथा परिभाषा बमोजिम र व्यवसायजन्य रोगहरुको सुची सम्बन्धी सिफारिस २००२ साथै अन्य सम्बद्ध आई.एल्.ओ. प्रावधानले तोकेअनुसार व्यवसायजन्य रोग वा दुर्घटनाका रुपमा मान्यता दिनुपर्दछ ।

*परीक्षण, गोपनीयता र विश्वसनीयता*

२४. परीक्षण पूर्णतया स्वैच्छिक र दवाबरहित हुनुपर्दछ र परीक्षण कार्यक्रमले गोपनीयता, परामर्श तथा अनुमति सम्बन्धी अन्तर्राष्ट्रिय निर्देशिकाको पालना गर्नुपर्दछ ।

२५. प्रवासी श्रमिक, रोजगारीको खोजीमा रहेका व्यक्तिहरु र आवेदकहरु लगायत कुनै पनि श्रमिकलाई एच.आइ.भी. परीक्षण गराउन तथा एच.आइ.भी.को स्थिति पत्ता लगाउने खालका कुनै पनि जाँच गराउन बाध्य बनाइनुहुँदैन ।

२६. एच.आइ.भी. परीक्षणको परिणाम गोप्य हुनुपर्दछ र यसका कारण रोजगारीको पहुँच, कार्यकाल, रोजगारी सुरक्षा वा वृत्तिविकासको अवसरमा कुनै पनि खतरा पुग्नु हुँदैन ।

२७. प्रवासी श्रमिक, रोजगारीको खोजीमा रहेका व्यक्तिहरु र आवेदकहरु लगायत कुनै पनि श्रमिकले उद्‌गम मुलुक, पारगमन (ट्रान्जिट) मुलुक वा गन्तव्य मुलुकमा आफ्नो र अरुका बारे एच.आइ.भी.सँग सम्बधित सूचना सार्वजनिक गर्न आवश्यक छैन । यस्तो खाले सूचनाको पहुँच श्रमिकको व्यक्तिगत विवरणको संरक्षण १९९७ सम्बन्धी आई.एल्.ओ. आचारसंहिता र अन्य सम्बद्ध अन्तर्राष्ट्रिय तथ्याङ्क संरक्षण मापदण्ड बमोजिम गोपनीयताको नियम अनुसार सञ्चालित हुनुपर्दछ ।

२८. प्रवासी श्रमिक वा रोजगारीका लागि प्रवासमा जान लागेका व्यक्तिहरुलाई वास्तविक वा अनुमानित एच.आइ.भी. अवस्थाका कारण उद्‌गम मुलुक, पारगमन (ट्रान्जिट) मुलुक वा गन्तव्य मुलुकले प्रवासका लागि निषेधित गरिनुहुँदैन ।

२९. माथि उल्लिखित श्रमिक अधिकारहरु उल्लङ्घन भएको खण्डमा त्यसलाई सम्बोधन गर्नका लागि सदस्य राष्ट्रसँग सर्वसुलभ विवाद समाधान कार्यविधि हुनुपर्दछ ।

*व्यवसायजन्य सुरक्षा र स्वास्थ्य*

३०. कार्यस्थलमा एच.आइ.भी. प्रसारणको रोकथाम गर्नका लागि व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी अभिसन्धि १९८१ र सिफारिस १९८१, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका लागि प्रवर्धनात्मक ढाँचा सम्बन्धी अभिसन्धि २००६ र सिफारिस २००६ तथा अन्य सम्बद्ध अन्तर्राष्ट्रिय प्रावधानहरु जस्तै, आई.एल्.ओ. र डब्लू.एच्.ओ.को संयुक्त निर्देशिका दस्तावेजमाथि ध्यान दिँदै काम गर्ने वातावरणलाई स्वस्थ र सुरक्षित राख्नुपर्दछ ।

३१. कामका क्रममा एच.आइ.भी. प्रति श्रमिकहरु नजिकिनुपर्ने अवस्थाको रोकथाम गर्ने सुरक्षा र स्वास्थ्य सम्बन्धी कदमहरुले विश्वव्यापी सावधानीहरु, दुर्घटना तथा जोखिम नियन्त्रणका कदमहरु जस्तै, साङ्गठनिक कदमहरु, प्राविधिक तथा कार्यअभ्यास नियन्त्रणहरु, आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा उपकरण, वातावरण नियन्त्रणका उपायहरु तथा एच.आइ.भी.को जोखिमसँग नजिकिएपछि अपनाउनुपर्ने उपायहरु (post exposure prophylaxis) र विशेष गरी स्वास्थ्य सेवा प्रदान गर्ने क्षेत्र लगायत

सबैभन्दा बढी जोखिममा रहेको पेसामा एच.आइ.भी. र क्षयरोग लाग्न सक्ने  क्षति न्यूनीकरण गर्ने सुरक्षाका अन्य उपायहरुलाई समाविष्ट गर्नुपर्दछ।

३२. कामका क्रममा एच.आइ.भी. प्रति नजिकिनुपर्ने अवस्था रहेको खण्डमा श्रमिकहरुले एच.आइ.भी. सर्ने माध्यमहरु, जोखिममा नजिकिनुपर्ने अवस्था र सङ्क्रमणको नियन्त्रणका उपायहरुबारे शिक्षा तथा तालिम पाउनुपर्दछ । सदस्य राष्ट्रले सम्बद्ध मापदण्ड अनुसारको रोकथाम, सुरक्षा र स्वास्थ्यको सुनिश्चितता गर्ने उपायहरु अवलम्बन गर्नुपर्दछ।

३३. चेतनामूलक कार्यक्रमहरुले एच.आइ.भी. साधारण शारीरिक स्पर्श ( casual physical contact) का कारण सर्दैन र एच.आइ.भी. भएको व्यक्तिको उपस्थितिले कार्यस्थलमा कुनै पनि जोखिम निम्त्याउँदैन भन्ने कुरालाई जोड दिनुपर्दछ।

३४. व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसँग सम्बन्धित व्यवसायजन्य स्वास्थ्य सेवा तथा कार्यस्थल संयन्त्रहरुले व्यवसायजन्य स्वास्थ्य सेवा सम्बन्धी अभिसन्धि १९८५ र सिफारिस १९८५, स्वास्थ्य सेवा र एच.आइ.भी. एड्स सम्बन्धी *आई.एल्.ओ./डब्लू.एच्.ओ. संयुक्त निर्देशिका २००५* तथा यस सम्बन्धी संशोधन र अन्य सम्बद्ध अन्तर्राष्ट्रिय प्रावधानलाई मध्यनजर गर्दै एच.आइ.भी. र एड्सलाई सम्बोधन गर्नुपर्दछ ।

## *बालबालिका र किशोर व्यक्तिहरु*

३५. सदस्य राष्ट्रले कामका मौलिक सिद्धान्त तथा अधिकार सम्बन्धी आई.एल्.ओ. घोषणा १९९८, न्यूनतम उमेर सम्बन्धी अभिसन्धि १९७३ र सिफारिस १९७३, निकृष्ट प्रकारको बालश्रम सम्बन्धी अभिसन्धि १९९९ र सिफारिस १९९९ माथि ध्यान दिँदै परिवारका सदस्यहरु वा हेरचाह गर्ने व्यक्तिहरुलाई एड्स रोग लागेको वा एड्स्द्वारा मृत्यु भएको परिणाम स्वरुप हुन सक्ने बालश्रम तथा बालबालिका बेचबिखन विरुद्ध लड्नका लागि र एच.आइ.भी. प्रति बालबालिकाको जोखिम कम गर्नका लागि कदम चाल्नुपर्दछ । यस्ता बालबालिकालाई यौन शोषण र यौन दुर्व्यवहारबाट बचाउन विशेष कदम चाल्नुपर्दछ।

३६. सदस्य राष्ट्रले किशोरावस्थाका श्रमिकहरुलाई एच.आइ.भी. सङ्क्रमण विरुद्ध संरक्षण गर्न र एच.आइ.भी. र एड्सका विरुद्ध राष्ट्रिय नीति तथा कार्यक्रमहरुमा बालबालिका र किशोर किशोरीको विशेष आवश्यकतालाई समावेश गर्न आवश्यक कदम चाल्नुपर्दछ । यस्ता कदमहरुले यौन र प्रजनन स्वास्थ्य सम्बन्धी वस्तुगत शिक्षा, खास गरी व्यवसायिक शिक्षा तथा युवा रोजगारी कार्यक्रम र सेवाहरु मार्फत् एच.आइ.भी. र एड्स सम्बन्धी सूचना सम्प्रेषणलाई समेट्नुपर्दछ।

## V. कार्यान्वयन

३७. एच.आइ.भी. र एड्स तथा कामको संसार सम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रमहरुले,

(क) सार्वजनिक तथा निजी व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा संरचना लगायत रोजगारदाता र श्रमिकका सबैभन्दा बढी प्रतिनिधित्व गर्ने सङ्गठनहरु र सम्बद्ध अन्य पक्षहरुसँग परामर्श गरेर देहायका माध्यमहरुको भिन्नाभिन्नै वा संयुक्त रुपलाई लागु गराउनुपर्दछः

(अ) राष्ट्रिय कानुन तथा नियमहरु,

(आ) सामूहिक सहमतिहरु,

(इ) राष्ट्रिय तथा कार्यस्थलीय नीति तथा कार्यक्रम र

(ई) यस सिफारिसले समेट्ने उच्च जोखिममा रहेका व्यक्तिहरु अवस्थित क्षेत्रलाई विशेष ध्यान दिँदै तय गरिएका क्षेत्रगत रणनीतिहरु ।

(ख) श्रमसँग सम्बन्धित मुद्दाहरुमा दक्ष अधिकारप्राप्त कानुनी निकायहरु र नीति तथा कार्यक्रमको योजना र कार्यान्वयनसँग सम्बद्ध श्रमप्रशासनका अधिकारप्राप्त निकायहरुलाई संलग्न गराउनुपर्दछ र उनीहरुलाई यससम्बन्धी तालिम दिनुपर्दछ ।

(ग) राष्ट्रिय कानुन तथा नियममा गोपनीयता र विश्वसनीयताको उल्लङ्घनको सम्बोधन गर्ने तथा यस सिफारिसले प्रदान गरेको संरक्षणका प्रावधानहरुको व्यवस्था गर्नुपर्छ ।

(घ) अधिकारप्राप्त सार्वजनिक निकायहरु तथा सम्बन्धित अन्य सार्वजनिक तथा निजी सेवाहरुले बिमा तथा अन्य लाभप्रद कार्यक्रमहरु लगायत सहकार्य र समन्वयको सुनिश्चितता गर्नुपर्दछ ।

(ङ) सबै प्रतिष्ठानहरुलाई रोजगारदाता र श्रमिकका प्रतिनिधि सङ्गठनहरुको सहभागितामा आपूर्ति शृङ्खला तथा वितरण सञ्जाल मार्फत् राष्ट्रिय नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रोत्साहन गर्नुपर्दछ र निर्यात प्रवर्धन क्षेत्रका प्रतिष्ठानहरुले उक्त नीति पालना गरेको कुरा सुनिश्चित गर्नुपर्दछ ।

(च) व्यवसायजन्य स्वास्थ्य सम्बन्धी कर्मचारी, एच.आइ.भी. र एड्सका विशेषज्ञ तथा एच.आइ.भी. भएका व्यक्तिहरुको प्रतिनिधित्व गर्ने सङ्गठनहरु, अन्तर्राष्ट्रिय सङ्घसंस्था, सम्बद्ध नागरिक समाजका सङ्गठनहरु तथा मुलुकका समन्वायत्मक संयत्रहरुको विचारलाई मध्यनजर गर्दै त्रिपक्षीय परामर्श (अन्तर्राष्ट्रिय श्रम मापदण्ड) सम्बन्धी अभिसन्धि १९७६ बमोजिम परामर्श र वार्ता लगायत सामाजिक संवाद र सरकारी निकाय, सार्वजनिक तथा निजी रोजगारदाता तथा श्रमिक र तिनका प्रतिनिधिहरु बीचको आपसी सहयोगका विभिन्न रुपहरुलाई प्रवर्धन गर्नुपर्दछ ।

(छ) सबैभन्दा पछिल्ला वैज्ञानिक र सामाजिक परिवर्तन तथा लैङ्गिक र सांस्कृतिक चासोका विषयहरुलाई मूल धारमा समाहित गनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै एच.आइ.भी. र एड्स तथा कामको संसार सम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रमहरु निर्माण, कार्यान्वयन, पुनरावलोकन र अद्यावधिक गर्नुपर्दछ ।

(ज) एच.आइ.भी. र एड्स तथा कामको संसार सम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रमहरुलाई श्रम, सामाजिक सुरक्षा तथा स्वास्थ्य नीति र कार्यक्रमहरु लगायत अन्य कार्यक्रमहरु बीच समन्वय गरिनुपर्दछ ।

(झ) सदस्य राष्ट्रले मुलुकको अवस्था तथा रोजगारदाता र श्रमिकको क्षमतामाथि ध्यान दिँदै यस्ता कार्यक्रमको कार्यान्वयन गर्नका लागि उचित व्यवस्था गरिएको सुनिश्चितता गर्नुपर्दछ ।

### *सामाजिक सम्वाद*

३८. एच.आइ.भी. र एड्सबारे नीति तथा कार्यक्रमहरुको कार्यान्वयन कार्यस्थलमा एच.आइ.भी. सङ्क्रमित व्यक्तिहरुको सक्रिय सहभागितामा रोजगारदाता, श्रमिक र तिनका प्रतिनिधिहरु तथा सरकार बीचको समन्वय र विश्वासमा आधारित हुनुपर्दछ ।

३९. रोजगारदाता र श्रमिकका सङ्गठनहरुले रोकथाम र भेदभावरहित अवस्थालाई जोड दिँदै आ-आफ्ना सदस्यहरुलाई शिक्षा र सूचना दिने प्रावधान मार्फत् एच.आइ.भी. र एड्स सम्बन्धी सचेतना अभिवृद्धि गर्नुपर्दछ । यस्ता कार्यक्रमहरु लैङ्गिक र सांस्कृतिक परिवेशहरुलाई ध्यानमा दिँदै संवेदनशील हुनुपर्दछ ।

### *शिक्षा, तालिम, सूचना तथा परामर्श*

४०. एच.आइ.भी. र एड्सका सन्दर्भमा कार्यस्थलमा तालिम, सुरक्षा निर्देशन तथा आवश्यक निर्देशिकाहरु सर्वसुलभ र स्पष्ट रुपमा सबै श्रमिकहरुलाई र खास गरी प्रवासी श्रमिक, नयाँ भर्ना भएका श्रमिक अर्थात् अनुभवविहीन श्रमिक, किशोर श्रमिक र शिक्षार्थी/सिकारु श्रमिक लगायत तालिममा रहेका सबै श्रमिकहरुलाई प्रदान गरिनुपर्दछ । तालिम, सूचना र निर्देशिकाहरु लैङ्गिक तथा सांस्कृतिक परिवेशप्रति संवेदनशील हुनुपर्दछ र श्रमशक्तिलाई जोखिममा पार्ने तत्वहरुलाई ध्यानमा राखी श्रमशक्तिको विशेषताका आधारमा तय गरिनुपर्दछ ।

४१. कार्यस्थलमा उचित व्यवस्था मिलाउन सघाउ पुऱ्याउने उद्देश्यले अद्यावधिक (up-to-date) वैज्ञानिक र सामाजिक-आर्थिक सूचना र आवश्यकता अनुसार एच.आइ.भी. र एड्स सम्बन्धी शिक्षा र तालिम रोजगारदाता, प्रबन्धक, र श्रमिक प्रतिनिधिहरुलाई प्रदान गरिनुपर्दछ ।

४२. सिकारु (intern), शिक्षार्थी तथा स्वयंसेवक लगायत श्रमिकहरुले कार्यस्थल दुर्घटना तथा प्राथमिक उपचारका सन्दर्भमा एच.आइ.भी. सङ्क्रमण नियन्त्रण विधिबारे चेतनामूलक सूचना तथा उचित

तालिम पाउनुपर्दछ । मानिसको रगत, रगतले बनेको तत्व तथा रगतसँग सम्बन्धित शरीरको अन्य तरल पदार्थसँग नजिकमा रहेर काम गर्नुपर्ने श्रमिकहरुले सङ्क्रमणको जोखिमसंग नजिकिन (exposure) बाट रोकथाम, जोखिमसंग नजिकिँदा दर्ता गर्ने विधि र जोखिमसंग नजिकिएपछि अपनाउनुपर्ने नियन्त्रण (post-exposure prophylaxis) बारे थप तालिम पाउनुपर्दछ ।

४३. श्रमिक र तिनका प्रतिनिधिहरुसँग एच.आइ.भी. र एड्ससँग सम्बन्धित कार्यस्थलीय नीति तथा कार्यक्रमहरु कार्यान्वयन गराउन चाल्नुपर्ने कदमहरुबारे सुसूचित हुने र परामर्श दिने अधिकार रहेको हुन्छ । श्रमिक र रोजगारदाताका प्रतिनिधिहरुले मुलुकको प्रचलन बमोजिम कार्यस्थल निरीक्षणमा भाग लिनुपर्दछ ।

### *सार्वजनिक सेवा*

४४. श्रम निरीक्षण कार्यालय लगायत श्रम प्रशासन सेवाको भूमिका तथा एच.आइ.भी. र एड्ससँग सम्बन्धित श्रमका मुद्दामा दक्ष अधिकारप्राप्त कानुनी निकायहरुको भूमिकालाई पुनरावलोकन र आवश्यकता अनुसार सशक्तीकरण गर्नुपर्दछ ।

४५. रोकथाम, उपचार, हेरचाह र सहायतामा व्यापक पहुँचको सुनिश्चितता गर्न तथा सार्वजनिक सेवा खास गरी स्वास्थ्य श्रमिकमाथि एच.आइ.भी. र एड्सद्वारा सिर्जित थप तनाव कम गर्न सार्वजनिक स्वास्थ्य प्रणालीलाई सशक्त बनाउनुपर्दछ र यसले *स्वास्थ्य सेवा तथा एच.आइ.भी./एड्स सम्बन्धी आई.एल्.ओ./डब्लू.एच्.ओ. संयुक्त निर्देशिका २००५* र यसका संशोधनहरुको पालना गर्नुपर्दछ ।

### *अन्तर्राष्ट्रिय सहयोग*

४६. सदस्य राष्ट्रले यस सिफारिसलाई कार्यान्वयन गर्नका लागि द्विपक्षीय वा त्रिपक्षीय सहमतिहरु मार्फत्, बहुपक्षीय प्रणालीमा सहभागिता मार्फत् वा अन्य प्रभावकारी माध्यम मार्फत् आपसी सहयोग गर्नुपर्दछ ।

४७. प्रवासी श्रमिकका लागि एच.आइ.भी. रोकथाम, उपचार, हेरचाह र सहायता सम्बन्धी सेवाहरुमा उद्‌गम मुलुक, पारगमन (ट्रान्जिट) मुलुक र गन्तव्य मुलुकद्वारा पहुँच सुनिश्चित गर्ने व्यवस्था गर्नुपर्दछ र आवश्यकता अनुसार सम्बन्धित मुलुकहरु बीच सहमति निर्माण गरिनुपर्दछ ।

४८. सदस्य राष्ट्रहरु, ती राष्ट्रहरुका एच.आइ.भी. र एड्स सम्बन्धी राष्ट्रिय संरचनाहरु र सम्बद्ध अन्तर्राष्ट्रिय सङ्गठनहरु बीच अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिइनुपर्दछ र यसले एच.आई भी. महामारी विरुद्धका चलाएको सबै कदमहरुबारे सूचनाको प्रणालीबद्ध (systematic) आदानप्रदानलाई समावेश गर्नुपर्दछ ।

४९. सदस्य राष्ट्रहरु र बहुपक्षीय सङ्गठनहरुले एच.आइ.भी.सँग सम्बन्धित रोकथाम, उपचार, हेरचाह तथा सहायता सम्बन्धी अन्तर्राष्ट्रिय रणनीति र कार्यक्रमको विकास गर्ने सन्दर्भमा सबै राष्ट्रहरु, खास

गरी बढी प्रभावित राष्ट्रको आवश्यकता पूर्ति गर्नका लागि समन्वय र आवश्यक स्रोतसाधनमा विशेष ध्यान दिनुपर्दछ ।

५०. सदस्य राष्ट्रहरु र अन्तर्राष्ट्रिय सङ्गठनहरुले एच.आइ.भी. तथा अन्य सङ्क्रमणहरु र एच.आइ.भी., अन्य अवसरवादी सङ्क्रमणहरु तथा एच.आई.भी. सम्बद्ध क्यान्सरद्वारा सिर्जित सङ्क्रमणको रोकथाम, उपचार र हेरचाहका लागि आवश्यक सबै प्रकारको सामग्रीहरुको मूल्य कम गराउने यथाशक्य प्रयास गर्नुपर्दछ ।

### *अनुगमन*

५१. सदस्य राष्ट्रले एच.आइ.भी. र एड्स तथा कामको संसार सम्बन्धी राष्ट्रिय नीतिको विकासको अनुगमन तथा यसको अनुमोदन र कार्यान्वयनका लागि सुझाव दिन को निमित्त उपयुक्त संयन्त्र स्थापित गनुपर्दछ वा उपलब्ध भएको अनुगमन संयन्त्रलाई उपयोग गर्नुपर्दछ ।

५२. राष्ट्रिय नीतिको सम्बन्धीमा भएका प्रगतिको अनुगमन संयन्त्रमा सबभन्दा बढी प्रतिनिधित्व भएको रोजगारदाता र श्रमिकका सङ्गठनहरुको समान हैसियतको प्रतिनिधित्व हुनुपर्दछ । यसका अतिरिक्त, एच.आइ.भी. भएका व्यक्तिहरुको सङ्गठनको धारणा, विशेषज्ञको प्रतिवेदन तथा प्राविधिक अध्ययनमाथि ध्यान दिँदै यस्ता सङ्गठनहरुसँग आवश्यकता अनुसार सक्दो परामर्श गर्नुपर्दछ ।

५३. सदस्य राष्ट्रले सम्भव भएसम्म महिला र पुरुषको वितरण तथा अन्य सम्बद्ध विषयहरुमा ध्यान दिँदै कामको संसारमा एच.आइ.भी. र एड्स सम्बन्धमा विस्तृत सूचना र तथ्याङ्कपरक विवरण सङ्कलन गर्नुपर्दछ र राष्ट्रिय र क्षेत्रीय तहमा यस सम्बन्धी प्रगति तथा विकासहरुको अध्ययन, अनुसन्धान गर्नुपर्दछ ।

५४. आई.एल्.ओ.को विधानको धारा १९ अन्तर्गत तयार गरिने प्रतिवेदनका अतिरिक्त यस सिफारिसका आधारमा गरिने कार्यहरुको नियमित पुनरावलोकनलाई एड्स सम्बन्धी साझा संयुक्त राष्ट्र सङ्घीय कार्यक्रम (UNAIDS) मा बुझाइने प्रतिवेदन र सम्बद्ध अन्य अन्तर्राष्ट्रिय प्रावधान अन्तर्गतको प्रतिवेदनमा संलग्न गर्न सकिन्छ ।

## अन्तर्राष्ट्रिय श्रम सम्मेलनको उनान्सयौँ सत्रमा ग्रहण गरिएका सङ्कल्पप्रस्तावहरू
(जेनेभा, जुन २०१०)

**II**

## एच.आइ.भी. र एड्स तथा कामको संसारसम्बन्धी सिफारिस २०१० को प्रवर्धन र कार्यान्वयनसँग सम्बद्धसङ्कल्पप्रस्ताव[1]

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासभा उनान्सयौँ सत्र, २०१० मा यसको बैठक सम्पन्न गर्दै,

एच.आइ.भी. र एड्स तथा कामको संसारसम्बन्धी सिफारिस २०१० लाई ग्रहण गर्दै,

उक्त सिफारिसको सफलता यसका प्रावधानहरूको प्रभावकारी प्रवर्धन र कार्यान्वयनमाथि निर्भर रहने कुरालाई ध्यान दिँदै,

सङ्गठनको मुख्य कार्यादेश मर्यादित काम र  दिगो किसिमका उद्योग, प्रतिष्ठानहरूको प्रवर्धन गर्नु हो भन्ने कुरामाथि विचार गर्दै,

एड्ससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संयुक्त कार्यक्रम (UNAIDS) मा त्रिपक्षीय सङ्गठनका रुपमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सहभागिता एच.आइ.भी.र एड्सको सम्बोधन गर्ने प्रयासका रुपमा रहेको विषयमा ध्यान दिँदै,

१. कामको संसारमा यस सिफारिसलाई कार्यान्वयन गराउन त्रिपक्षीय निकायहरूसँग मिलेर काम गर्नका लागि विद्यमान बजेटभित्र रहेर स्रोत (बजेट) विनियोजन गर्न तथा अतिरिक्त बजेटका स्रोतहरूको समेत ख्याल गर्न अन्तर्राष्ट्रिय श्रम सङ्गठनको निर्देशक निकायलाई आह्वान गर्दछ ।

२. कार्यस्थलमा एच.आइ.भी.र एड्ससँग सम्बद्ध विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँगको संयुक्त प्रयासलाई प्रवर्धन गर्ने कदम चाल्न निर्देशक निकायलाई आह्वान गर्दछ ।

३. कार्यस्थलमा एच.आइ.भी.र एड्सको असर कम गर्ने उद्देश्यले यस सिफारिसको वृहद्‌रुपमा कार्यान्वयन गराउन विश्वव्यापी कार्य योजना स्थापित गर्न अनुरोध गरोस् भनी निर्देशक निकायलाई आह्वान गर्दछ । उक्त कार्ययोजना एड्ससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संयुक्त कार्यक्रम (UNAIDS), एच.आइ.भी.र एड्सले सङ्क्रमित व्यक्तिहरूका प्रतिनिधि सङ्गठनहरू र अन्य सम्बद्ध पक्षका विचारहरूलाई मध्यनजर गर्दै रोजगारदाता र श्रमिकका प्रतिनिधि सङ्गठनहरूसँग संयुक्तरुपमा निर्माण गरिनुपर्दछ ।

---

[1] १६ जुन २०१० मा ग्रहण गरिएको

४. कार्यालयका प्राविधिक सहयोगसम्बन्धी स्रोतहरू राष्ट्रहरूलाई निष्पक्षरुपमा विनियोजन गर्न महानिर्देशकसमक्ष अनुरोध गरोस् भनी निर्देशक निकायलाई आह्वान गर्दछ। सदस्य राष्ट्रहरू र श्रमिक र रोजगारदातालाई सबैभन्दा बढी प्रतिनिधित्व गर्ने सङ्गठनहरूले यस सिफारिसको कार्यान्वयनका सन्दर्भमा देहायका कार्यका लागि सहयोग माग्न सक्नेछन्:

(क) यस सिफारिसका प्रावधानहरू समेट्नका लागि त्रिपक्षीय राष्ट्रिय नीति, कार्यक्रम तथा कानुनी व्यवस्थाको निर्माण र कार्यान्वयनमा सहयोग गर्नका लागि,

(ख) तालिम दिने, सञ्चार गर्ने, अनुगमन गर्ने, कार्यान्वयन गर्ने तथा वकालत गर्ने काममा सहयोग गर्न तथा क्षमता अभिवृद्धि गर्न, जस्तै,

(अ) विषयगत आधारमा जोड दिँदै क्षमता अभिवृद्धि गर्ने तालिम कार्यक्रम तथा तालिम सामग्री निर्माण,

(आ) रोजगारदाता र श्रमिकका प्रतिनिधिहरू तथा श्रम प्रशासकहरूलगायत कार्यस्थलमा एच.आइ.भी.र एड्ससँग सम्बद्ध मुख्य व्यक्तिहरू तथा प्रशिक्षकहरूलाई तालिम,

(इ) यस सिफारिससँग सम्बद्ध प्रवर्धनात्मक सामग्रीहरू तथा प्रचारप्रसारका सामग्रीहरू निर्माण, र

(ई) यस सिफारिसको प्रवर्धन गर्न राष्ट्रिय र क्षेत्रीय गोष्ठी तथा कार्याशालाको आयोजना।

५. प्रगतिको पुनरावलोकन गर्नका लागि विद्यमान संयन्त्रहरूको प्रयोग गर्न वा राष्ट्रिय तहमा नयाँ संयन्त्रहरूको स्थापना गर्न र कामको संसारसँग सम्बद्ध एच.आइ.भी.र एड्ससम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रमको कार्यान्वयनका विषयमा भइरहेका कार्यहरूको अनुगमन गर्न र असल अभ्यासका उदाहरणहरू आदानप्रदान गर्न सदस्य राष्ट्रहरूलाई आह्वान गर्दछ।

६. विद्यमान प्रतिवेदन संयन्त्रकै अङ्गका रुपमा, खास गरी सामान्य सर्भेक्षणलगायत अन्तर्राष्ट्रिय श्रम सङ्गठनको विधानको धारा १९ बमोजिम नियमितरुपमा सदस्य राष्ट्रहरूले प्रतिवेदन बुझाउन् भनी अनुरोध गर्नका लागि निर्देशक निकायलाई आह्वान गर्दछ। सरकारहरूले बुझाउने एच.आइ.भी. र एड्ससम्बन्धी प्रतिवेदनहरू तयार पार्दा रोजगारदाता र श्रमिकलाई सबैभन्दा बढी प्रतिनिधित्व गर्ने सङ्गठनहरूसँग परामर्श लिएर, प्रगति विवरणहरू र सम्भव भएसम्म असल अभ्यासका उदाहरणहरूसमेत समेटेर तयार गर्नुपर्दछ।

७. यस सिफारिसको कार्यान्वयनको प्रगतिबारे समयसमयमा पुनरावलोकन गर्न निर्देशक निकायलाई आह्वान गर्दछ।

८. भेदभाव (रोजगारी र पेसा) सम्बन्धी अभिसन्धि १९५८ को धारा १ (१) (ख) बमोजिम व्यवस्था गरिएको विस्तार नीतिलाई सदस्य राष्ट्रहरूमा प्रवर्धन गर्न निर्देशक निकायलाई आह्वान गर्दछ, जसले गर्दा उक्त अभिसन्धिअन्तर्गत प्रदान गरिएको व्यवस्थाले वास्तविक वा अनुमानित एच.आइ.भी. अवस्थाको समेत संरक्षण गर्दछ।